annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २९५ पृष्ठ ८ | काठमाडौं, शुक्रबार १६ फागुन २०८१ | फाल्गुन कृष्णपक्ष औंसी, नेपाल संवत् ११४५ | FRIDAY, FEBRUARY 28, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# जलवायु परिवर्तनको असर व्यापारमा



पछिल्ला वर्षहरूमा जलवायु परिवर्तनको असर स्वरूप चाडपर्वको संघारमा मुसलधारे पानी पर्न थालेको छ । बाढी, पहिरोले राजमार्ग अवरुद्ध हुँदा नाकामा आयातीत वस्तुहरू महिनौंसम्म रोकिने स्थिति छ । यसले सरकारको राजस्व लक्ष्य हासिल गर्न चुनौती थपेको छ । साथै व्यवसायीको लागत बढाएको छ । व्यापारको आपूर्ति शृंखला त बिगार्छ नै । अन्ततः उपभोक्ता महँगीको मारमा पर्ने गरेका छन् । यसको प्रत्यक्ष असर निर्यातमा पनि पर्छ । स्वदेशी उत्पादनले समयमा बजार नपाउँदा व्यवसायीदेखि मुलुकको आय प्रभावित बेनेको छ ।

**ममता थापा** | *काठमाडौं*

– को रिपोर्ट

भन्सार नाकाअनुसार आव २०८१/८२ माघसम्मको आयात र निर्यातको स्थिति (रु.हजारमा)

| भन्सार | आयात | निर्यात |
|---|---|---|
| भद्रपुर | ३०१८६२ | ५० |
| भैरहवा | १४४७४७८३७ | ९६५५७४४ |
| विराटनगर | ११२१७२८३९ | ३०८३४१७० |
| वीरगन्ज | ३३४६२३१६१ | ४०३४५९७९ |
| चोभार | ६६१२४९ | ० |
| ड्राइपोर्ट | १२६१३७७४५ | २८५४८९४ |
| गौर | ६६९३१५ | १७७१ |
| गौतम बुद्ध एयरपोर्ट | ५३३८२ | ० |
| जलेश्वर | ६८६३९५५ | ९८९४६८ |
| जनकपुर | ९०७२०४ | ० |
| कैलाली | १३२३४४४१ | ५५२९९४ |
| कञ्चनपुर | १०९५०३६ | ३५१८ |
| कृष्णनगर | १३१७८३९५ | १६०३०८६ |
| महेशपुर | २७९४८० | ० |
| मेची | २७०२९३७१ | १६०४७५२४ |
| नेपालगन्ज | ४२३९२०१६ | १५१४९४२ |
| पशुपतिनगर | ५७७ | ३७२८५ |
| राजविराज | १२६८०५.१० | ० |
| रसुवा | ४७९००९७७.६६ | १६६५८७८ |
| सर्लाही | २२७४०८३.१० | ७४९७८७ |
| सती | ३१४२४०.३० | ५२० |
| सिरहा | २१५३०२.६१ | १६ |
| सुनसरी | १३१७११७.६६ | ० |
| सुथौली | २५७९३६३.६३ | ० |
| तातोपानी | २७२५९१०२.२९ | ० |
| ठाडी | ९६५३.८० | ० |
| त्रिभुवन एयरपोर्ट | ८२२४२७६४.९० | २०३४७२०२ |
| त्रिवेणी | ४२४.७८ | ० |

तातोपानी भन्सार नाकामा थुप्रिएका मालवाहक कन्टेनरहरू । ● फाइल फोटो

समाचार पृष्ठ २

# महाकुम्भले घटे पशुपतिमा साधुसन्त

**गोपीकृष्ण ढुंगाना** | *काठमाडौं*



यस वर्ष महाशिवरात्रिमा पशुपति मन्दिरमा साधुसन्तको संख्या घटेको छ। भारतको प्रयागमा महाकुम्भ चलेका कारण यस वर्ष १ हजारको संख्यामा मात्र साधुसन्त आएको पशुपति क्षेत्र विकास कोषले जनाएको छ। कोषका अनुसार १० लाखभन्दा बढी भक्तजनले पाशुपत क्षेत्रमा यो पर्व मनाएका छन्।

कोषपरिषद् सदस्य एवं प्रचार-प्रसार संयोजक राजु खत्रीले १४४ वर्षपछि भारतको प्रयागमा महाकुम्भ पनि चलिरहेका कारण यस वर्ष एक हजारको संख्यामा मात्र साधुसन्त आएको बताए। कोषको तथ्यांकमा अघिल्लो महाशिवरात्रिमा दुई हजारभन्दा बढी साधुसन्त आएका थिए भने पशुपतिनाथको दर्शन र पूजाआजाका लागि झन्डै १५ लाख भक्तजन आएको उल्लेख छ। भगवान् शिवको उत्पत्ति भएको रातका नामबाट नामकरण भएको पर्व हो, शिवरात्रि। कालरात्रि, मोहरात्रि, सुखरात्रि र शिवरात्रि गरी वर्षमा चार प्रमुख रात्रि पुराणहरूमा वर्णित छ।

हिन्दू धर्मावलम्बी भक्तजनले हर्षोल्लासका साथ महाशिवरात्रि पर्व मनाएका छन्। यस पर्वलाई सम्पूर्ण दीनदुखीहरूको हृदयमा धर्मको उदय गराउने छिट्टै खुसी हुने भगवान् शवको अति प्यारो दिनका रूपमा लिइन्छ। व्रत उत्सवमध्ये सर्वोत्तम कहलिएको पर्व पनि भएकाले पाशुपत क्षेत्रमा वर्षमा एकपटक फागुन कृष्ण चतुर्दशीका दिन यो पर्व मनाइन्छ।

भक्तपुर नयाँठिमीकी पूजा दाहालले अत्यन्तै हर्षोल्लासका साथ महाशिवरात्रि मनाएको भन्दै खुसी साटिन्। उनले अन्नपूर्ण पोस्ट्लाई भनिन्, 'शुद्ध भई शिव मन्दिरमा पूजाअर्चना गरेँ।

व्रत बस्नुको अर्थ र महिमा विशेष भएकाले पनि यो पर्वको महत्व बढी छ। भगवान् शिव अर्थात् पशुपतिनाथको प्रिय वस्तु दूध, धतुरो र बेलपत्र चढाएँ।' यस पर्वमा उपवास बस्ने भक्तजनले 'ॐ नमः शिवाय' मन्त्र जप गर्ने परम्परा छ। जसले सर्वसिद्धि लाभ दिने जनविश्वास छ। साथै, यमलोक जानु नपर्ने धार्मिक विश्वास रहेको संस्कृतिविद् बताउँछन्।

संस्कृतिविद् अच्युत पौडेल चिन्तनका अनुसार महाब्रह्माले रूद्ररूपी शिवजीलाई उत्पन्न गरेको दिन महाशिवरात्रि हो जुन दिन शिव-पार्वतीको विवाहको दिन पनि हो।

» बाँकी पृष्ठ ६

# अस्ट्रियामा कन्जर्भेटिभ नेतृत्वको गठबन्धनले सरकार बनाउने

**भियना** (एजेन्सी) : अस्ट्रियाको कन्जर्भेटिभ पिपुल्स पार्टी (ओईभीपी) ले बिहीबार दुई मध्यमार्गी दलसँग मिलेर सरकारको गठबन्धनको घोषणा गरेको छ।

फ्रिडम पार्टी (एफपीओई) ले चुनावमा २९ प्रतिशतको हाराहारीमा विजय हासिल गरेपछि महिनौं लामो वार्तालाई यो सम्झौताले टुंगोमा पुर्‍याएको छ। अस्ट्रियाको पहिलो अति दक्षिणपन्थी नेतृत्वको सरकारबारे एफपीओई र ओईभीपीबीच भएको वार्ता यसै महिना टुटेको थियो। गत जनवरीमा सरकार गठनको पहिलो प्रयास असफल भएपछि ओईभीपी, सोसल डेमोक्रेट्स (एसपीओई) र उदारवादीहरूले पुनः गठबन्धन वार्ता सुरु गरेका थिए।

ओईभीपीका नेता क्रिश्चियन स्टकरले एसपीओई र उदारवादीहरूसँग 'साझा कार्यक्रम' सहमति भएको बताए।

'पछिल्ला दिनहरूमा साझा कार्यक्रमका लागि दिनरात काम भइरहेको छ,' पार्टीले जारी गरेको विज्ञप्तिमा भनिएको छ। देशको आधुनिक इतिहासमा सबैभन्दा लामो समयसम्म सरकार नभएको अवस्थामा राष्ट्रपति अलेक्जेन्डर भान डेर बेलेनले पार्टीका नेताहरूलाई छिटो सम्झौता गर्न आह्वान गरेका थिए।

करिब ९० लाख जनसंख्या भएको देशमा सन् १९८७ देखि शासन गर्दै आएको ओईभीपीले यसअघि नै एसपीओईसँग कैयौं पटक सरकारमा सहकार्य गरिसकेको छ।

